नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०          म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३          अंक ३४          २०८१ साल चैत ३१ गते आइतवार (13 Apr. 2025 Sunday)          मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** राणा शासन मात्र होइन, राजतन्त्र ... **पृष्ठ ३ मा :** दोस्रो विश्वयुद्धपछिको ... **पृष्ठ ४ मा :** औषधि किन्दा वा फलोअपमा .. **पृष्ठ ५ मा :** अधिवेशनको विषयलाइ ...

# देशमा गरिबी, असमानता, विभेद कायमै छ : एमाले उपाध्यक्ष थापा



**राजविराज**/ नेकपा एमालेका राष्ट्रिय उपाध्यक्ष रामबहादुर थापा बादलले अहिले संघीय शासन सत्ता हातमा लिएपनि चाहेजस्तो सुधार नभएको बताएका छन् । उनले देशमा गरिबी, असमानता, विभेद कायमै रहको समेत बताए ।

नेकपा एमाले सप्तरीको १० औं जिल्ला अधिवेशनको शनिबार राजविराजमा उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

सम्बोधन कै क्रममा उपाध्यक्ष थापाले मुलुकलाई समृद्धिको बाटोमा हिडाउन अब समाजवादी क्रान्तिको आवश्यक रहेको बताए । उनले नेपालमा रोजगारी गर्नेलाई परिवार पाल्न गाह्रो भइरहेको बताउँदै समृद्ध नेपाल र सुखी नेपालीको आधार निर्माण गर्न समाजवादको स्थापना आवश्यक रहेको दोहोऱ्याए ।

कुनै पनि दलले स्पष्ट बहुमत नपाएकै कारण चाहे जस्तो संविधान बन्न नसकेको, नियम कानुनहरु पनि बन्न नसकेको बताउँदै उनले जनताले लडेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रमा जनताले चाहे जस्तो काम हुन नसकेको उल्लेख गरे ।

उनले समाजवादको स्थापनाका लागि नेकपा एमालेलाई राष्ट्रिय शक्तिको रुपमा ल्याउनुपर्नेमा जोड दिदै कुनैपनि दलले स्पष्ट बहुमत नल्याउँदा देशमा अस्थिरता कायम रहेको जिकिर गरे ।

नेकपा एमालेका जिल्ला अध्यक्ष ताराकान्त चौधरीको अध्यक्षतामा आयोजित उद्घाटन सत्रमामा जिल्ला इन्चार्ज सुमनराज प्याकुरेल, मधेश प्रदेशका भौतिक पुर्वाधार मन्त्री सरोज कुमार यादव, गृह, संचार तथा कानुन मन्त्री राजकुमार लेखी, केन्द्रिय सदस्य दिवाकर देवकोटा लगायतकाले शुभकामना दिएका थिए ।

## हार्दिक शुभकामना

नव वर्ष २०८२ को सुखद अवसरमा समस्त ग्राहकवर्ग, बिज्ञापनदाता, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवीन साप्ताहिक
परिवार

# पहाडी र मधेशीबीच सौहार्दता हुनुपर्छ : नेता रिजाल



**राजविराज**/ नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. मिनेन्द्र रिजालले संघीयता व्यवस्थित ढंगले कार्यान्वयन गर्न र बलियो बनाउनको लागि विकासको राजनीति गर्न आवश्यक रहेको बताएका छन् ।

विकासको लागि राजनीति सुशासनको लागि उद्यमशीलता भन्ने नारासहित नेपाली कांग्रेस नगरकार्य समिति राजविराज नगरपालिकाको आयोजनामा अबको राजविराज योजनाबद्ध र दिगो विकास विषयमा शनिवार सम्पन्न विचार गोष्ठी कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले समग्र देशको विकासका लागि पहाडी र मधेशीबीच सौह्रर्दता हुनुपर्नेमा [redacted] दिए । संघीयता [redacted] समुदायलाई विभाजित गर्नेगरी रेखांकन नहोस् भन्ने छलफल भएको थियो' उनले भने, 'माथिको उदयपुर र मकवानपुरलाई जोड्न भनेको थिएँ । तर धेरैले यो मानेनन् ।'

देशमा संघीयता आएपनि जसरी अधिकारहरु दिनुपर्थ्यो त्यो दिन नसक्दा निराशा उत्पन्न भएको उनले बताए । संघीयतालाई बलियो बनाए विकासले गति लिने उनको भनाई थियो ।

पूर्वाधारको विकास नहूँदासम्म शहर अघि बढन नसक्ने भन्दै उनले पूर्वाधार, खानेपानी, ढल निकास व्यवस्थित बनाउन सुझाव दिए । उनले अस्पताल, स्वास्थ्य चौकी एवं विद्यालयलाई राम्रो बनाउन समेत सुझाव दिए ।

संविधानसभा सदस्य रंजित

***बाँकी अन्तिम पृष्ठमा***

## सावधानी अपनाबू, आइग लागै स बचू

गर्मी महिनामे आइग लागैके घटना सब बेसी है छै । तैके लागि सचेत रहनाइँ जरुरी छै ।

१. सलाई, लाइटर जखा आइग लगैबाला सामान बच्चा सबसे दूर राखू । भन्सा कैरके आइग निक जखा बुताउ ।
२. सम्भव हैछै त घर, औफिस और संवेदनशील ठाममे आइग मुझाबैवाला यन्त्र राखू ।
३. आइग लाइग गेलापर हल्ला कैरके लोग सबके जानकारी कैरके सुरक्षित ठाममे जाउ ।
४. घर भितरमे नई नुकाउ, बाहर निकैलके परिवारके सदस्य सबके साथ सुरक्षित स्थानमे जाउ ।
५. धुवाँ भेल ठामसे पेटकुनियाँ पाइरके वा घुसकुनियाँ माइरके जाउ ।
६. कपड़ामे आइग लाइग जाय त' नै दौडू, आइग मुझाके भागू ।
७. पेट्रोल, मट्टीतेल जखा जल्दी आइग लागैवाला चीज बच्चा सबसे दूर राखू ।
८. आइग नियन्त्रणके लागि त वारुणयन्त्र पाइनवाला गडी और १०० नम्बरमे पुलिसके फोन करू ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## ब्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं ।

- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं,
- नियमित शारीरिक परिश्रम गरौं,
- दैनिक रुपमा निद्रा पुग्नेगरी सुतौं,
- ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
बिज्ञापन बोर्ड

## सम्पादकीय

### सकारात्मक सोचका साथ अगाडी बढौं

जुनसुकै कामको सुरुवात सकारात्मक सोचका साथ गर्नुपर्छ । काम गर्नु भन्दा पहिले नै सकारात्मक सोचको विकास गरि अगाडी बढ्नु आवश्यक छ । त्यस्तै विकाससँग सरोकार राख्ने कुनै पनि कार्यमा जनता नै सर्वपरी हुन्छ । उनीहरुको साथ बिना त्यस्तो कार्य सम्भव हुँदैन् । तर, जनताले नै आफ्नो अधिकार सदुपयोग गर्न नसक्दा विकासीय कार्यहरु प्रभावित हुने गरेको छ । विकासको नाममा जताभावी रुपमा बजेटको दुरुपयोग भइरहदा जनताले त्यसलाई खबरदारी गर्न नसक्दा सही उपयोग हुनसकेको छैन् । विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ ।

समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हुनपर्छ । भ्रष्टाचार गर्नु कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । अहिले कुनै-कुनै स्थानमा त विकासको नाममा ब्रहमलुट नै मचेको छ । यसका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्छ । यी तीनै कुरा मिल्न सके मात्र विकास सम्भव छ । होइन भने जति चाहे पनि विकास हुदैन् ।

सप्तरी जिल्ला विकासको पर्खाईमा दशकौंदेखी भौतारिदै छ । विकासको सुरुवात त भयो, सम्पन्न हुन सकिरहेको छैन् । तसर्थ कुनै पनि बहानामा विकासलाई अवरुद्ध गर्नु हुँदैन् । विकासका लागि सकारात्मक सोच आवश्यक पर्नुका साथै जनताको हस्तक्षेप समेत अनिवार्य हुन्छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# राणा शासन मात्र होइन, राजतन्त्र समाप्तिका लागि महौल बनाउन पनी स्व. निधिको उत्तिकै योगदान : नेपाल



**राजविराज**/नेपाल पत्रकार महासंघका पूर्व सभापत्रि एवं वरिष्ठ पत्रकार किशोर नेपालले नेपाली काँग्रेसका स्व. नेता महेन्द्र नारायण निधि राणा शासनको अन्त्यका लागि मात्र नभई राजाको तानाशाही शासन समाप्तिका लागि पनि उत्तिकै भूमिका निर्वाह गर्नु भएको बताएका छन् ।

शनिबार स्व. निधिको जीवन र विभिन्न कालखण्डमा उनले प्रजातान्त्रिक आन्दोलनमा गरेको योगदानको विषय समेटिएर उनकैद्वारा लिखित "नेपालका निधि" नामक पुस्तक सप्तरी सदरमुकाम राजविराजमा सार्वजनिक गर्दै उनले यस्तो बताएका हुन् ।

"२००७ सालको ऐतिहासिक जनक्रान्तिका कमाण्डरका रुपमा नेता निधिले राणाशासन अन्त्यका लागि ठूलो योगदान दिनु भएको थियो, उनले भने, "यतिमात्र होइन, राजाको तानाशाही शासन समाप्त गर्ने माहौल बनाउन पनि उनको ठूलो योगदान थियो ।"

यूवा अवस्थामा प्रवेश गरेदेखी नै आफू नेता निधिसँग निकट रहने अवसर पाएको भन्दै उनले उनको बारेमा पुस्तक लेख्ने हुटहुटी जागेको सुनाए । मधेशका मुर्धन्य व्यक्तिहरुका बारेमा धेरै कम पुस्तक प्रकाशित भएको भन्दै उनले राष्ट्रिय नेताका रुपमा स्थापित हुनु भएका निधि जस्ता व्यक्तित्वको मधेशमा मात्र नभई देशै भर चर्चा र आमनागरिकलाई जानकारी हुनुपर्ने उद्देश्यका साथ उक्त पुस्तक लेख्ने जमर्को गरेको सुनाए ।

उक्त पुस्तकले नेपालको प्रजातान्त्रिक आन्दोलनमा निधिको योगदान बारे जानकारी गराउनुका साथै आमनागरिकमा लोकतन्त्रको पक्षमा चेतना फैलाउन समेत मद्दत पुर्‍याउने विश्वास उनले व्यक्त गरे ।

राज्य रुपान्तरण प्रालीका लागि रुची श्रेष्ठद्वारा प्रकाशित १ सय ८१ पृष्ठको उक्त पुस्तक लेखक नेपालका साथै पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, पूर्वसभापति विष्णु मण्डल, मुरलीप्रसाद यादव, प्रदेश सांसद मनिष सुमन, समाजसेवी बैजनाथ मुन्धडा लगायतले संयुक्त रुपमा सार्वजनिक गरेका थिए ।

# अब राजतन्त्र फर्किने कुनै सम्भावना छैन् : काँग्रेस प्रवक्ता महत

**राजविराज**/नेपाली काँग्रेसका प्रवक्ता डा. प्रकाश शरण महतले नेपाली जनतालाई राजाले पटक पटक धोका दिएका कारण अब राजतन्त्र फर्किने कुनै सम्भावना नरहेको बताएका छन् ।

राजविराजस्थित नेपाली काँग्रेसको पार्टी कार्यालयमा नेपाल प्रेस युनियन सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो बताएका हुन् ।

"नेपाली जनताले राजतन्त्रबाट विभिन्न कालखण्डमा धोका मात्र पाएका छन्, अब फेरी राजतन्त्रलाई जनताले स्वीकार्ने छैनन् ।" उनले भने, "अब नेपालमा राजतन्त्र फर्कने कुनै सम्भावना छैन् ।"




विधमान संघीय लोकतान्त्रिक शासन व्यवस्थाको विकल्प नरहेपनि कतै कतैबाट आउने बिरोधलाई रोक्न शासन शैलीमा भएका कमिकमजोरी हटाउँदै अघी बढ्नु पर्ने उनको भनाई थियो । सरकारले आफ्नो कमिकमजोरी भए त्यसलाई सुधारेर जनविश्वास कायम गर्दै अघि बढ्नु आवश्यक रहेको उनले सुझाव समेत दिए ।

नेपाली काँग्रेसका केन्द्रिय सदस्य समेत रहेका नेता महतले आगामी मंसिरमा पार्टी अधिवेशन भएको चार वर्ष पुग्ने भएपनि थप एक वर्ष बढाइने संकेत गरे । उनले भने, "विधान तहत थप डेढ वर्ष बढाउने हामीलाई सुविधा छ, यसबारे केन्द्रिय समितिको बैठकबाट टुंगो लगाउन बाकी नै छ ।"

पार्टीमा संगठन भन्दा पनि कतै कतै व्यक्तिवादी चरित्र हावी हुन थालेको टिप्पणी गर्दै उनले व्यक्तिगत स्वार्थ भन्दा पनि पार्टीको हितलाई प्राथमिकतामा राखी काम गर्न आवश्यक रहेको बताए ।

प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयलाल कुमार कर्णको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल लगायतको समेत उपस्थिति रहेको थियो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**

# दोस्रो विश्वयुद्धपछिको विश्व व्यापार र नेपालमा यसको प्रभाव

**पदम सुवेदी**

दोस्रो विश्वयुद्धपछि विश्व अर्थतन्त्रले युद्धग्रस्त क्षेत्र ९विशेष गरी युरोप र एसियामा० पुनर्निर्माणको चुनौतीको सामना गर्नुपरेको थियो। संयुक्त राज्य अमेरिका एक अग्रणी आर्थिक शक्तिका रूपमा उदायो। मार्सल योजनामार्फत सन् १९४८ देखि १९५२ सम्म १२ अर्ब डलरभन्दा बढी सहायता प्रदान गर्‍यो, जसमा युरोपेली पुनर्निर्माण र मुद्रालाई स्थिर बनाउने कार्य पर्छन्। यस कार्यले व्यापारलाई सहज बनायो।

यसअघि सन् १९४४ मा 'ब्रेटन वुड्स' सम्मेलनमार्फत अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) र विश्व बैंकको स्थापना भएको थियो। यसरी विश्वव्यापी अर्थतन्त्रलाई स्थिर बनाउन र वित्तीय सहायता प्रदान गर्दै र विनिमय दर नियमन गरेर व्यापारलाई प्रवर्द्धन गरिएको थियो। सन् १९४७ मा शुल्क र व्यापारसम्बन्धी सामान्य सम्झौता (जीएटीटी) मा हस्ताक्षर गरिएको थियो। उक्त सम्झौताले व्यापार अवरोध न्यूनीकरण र आर्थिक सहयोगलाई बढावा दिनुका साथै सन् १९९५ मा स्थापित विश्व व्यापार संगठन (डब्ल्युटीओ) का लागि आधार तयार गर्न महत्त्वपूर्ण योगदान गरेको थियो।

सन् १९५० र १९६० को दशक पश्चिमी आर्थिक समृद्धिको युग थियो, त्यो समय उत्पादन र उपभोक्तावादको सिद्धान्तद्वारा सञ्चालित थियो। युरोपमा सन् १९५१ मा युरोपेली कोइला र स्टिल समुदाय (ईसीएससी) गठन भयो। सन् १९५७ मा युरोपेली आर्थिक समुदाय (ईईसी) र त्यसपश्चात् युरोपेली संघ (ईयू) मा विकसित भयो, जसले सदस्य राष्ट्रहरूबिच स्वतन्त्र व्यापारलाई प्रवर्द्धन गर्‍यो र परिणामस्वरूप अन्तर-युरोपेली व्यापारलाई बढावा दियो।

सन् १९९४ मा उत्तर अमेरिकी स्वतन्त्र व्यापार सम्झौता (एनएएफटीए) ले संयुक्त राज्य अमेरिका, क्यानडा र मेक्सिकोबिच एक स्वतन्त्र व्यापार क्षेत्र सिर्जना गर्‍यो र क्षेत्रीय व्यापारलाई अझ बढावा दियो। दोस्रो विश्व युद्धपछि विशेषतः जापानले आर्थिक चमत्कार नै गर्‍यो। अटोमोबाइल र इलेक्ट्रोनिक्स जस्ता निर्यात उन्मुख उद्योगहरूमा केन्द्रित हुँदै जापानले आफूलाई एक प्रमुख आर्थिक शक्तिमा रूपान्तरण गर्‍यो।

'एसियन टाइगर' भनेर चिनिने दक्षिण कोरिया, ताइवान र सिंगापुरजस्ता नयाँ औद्योगिक देशहरूको उदयले पनि निर्यात-सञ्चालित रणनीतिमार्फत विश्वव्यापी व्यापार वृद्धिमा योगदान पुर्‍यो।

सन् १९७० को दशकमा तेल संकट र मुद्रास्फीति लगायत आर्थिक चुनौतीको सामना गर्नुपर्‍यो र विश्वव्यापी रूपमा व्यापारलाई असर गर्‍यो। शीतयुद्धले आर्थिक क्षेत्रहरूलाई विभाजित गर्‍यो, पश्चिमी र पूर्वी ब्लकहरूबिच सीमित व्यापार र प्रतिस्पर्धालाई पनि बढावा दियो, जसले व्यापार रणनीतिलाई प्रत्यक्ष प्रभाव पार्‍यो।

सन् १९८० को दशकमा देङ सियाओपिङको नेतृत्वमा चीनमा आर्थिक सुधारहरू देखिए, जसले गर्दा विश्वव्यापी अर्थतन्त्रमा यसको एकीकरण भयो। परिणामस्वरूप सन् १९९० को दशकमा चीनलाई अन्तर्राष्ट्रिय व्यापारमा एक प्रमुख हिस्सेदारका रूपमा आफ्नो परिचय बनाउन सहयोग पुग्यो। सन् १९९१ मा शीतयुद्धको अन्त्यले नयाँ बजार खोल्यो, विश्वव्यापीकरण र आईबीएम, कोकाकोला र पछि चिनियाँ कम्पनीजस्ता बहुराष्ट्रिय निगमहरू ९एमएनसीएस० को विस्तारलाई गति दियो। यसरी बहुराष्ट्रिय निगमहरूको विस्तारमा उदारीकृत व्यापार नीतिको प्रमुख स्थान रहेको पाइन्छ।

विभिन्न अध्ययनले दोस्रो विश्वयुद्धपछि पुनर्निर्माण प्रयासहरू र आईएमएफ, विश्व बैंक र जीएटीटीजस्ता नयाँ अन्तर्राष्ट्रिय संस्थाद्वारा सञ्चालित व्यापार र व्यापारमा उल्लेखनीय वृद्धि भयो।

बहुराष्ट्रिय निगम विश्वव्यापी रूपमा विस्तार हुँदा ईयू र एनएएफटीएजस्ता क्षेत्रीय व्यापार समूहहरूले व्यापार बढाउनमा प्रमुख भूमिका खेलेको देखिन्छ। कन्टेनर ढुवानी र इन्टरनेटजस्ता प्राविधिक प्रगतितर्फ विश्वले पदचाप तय गरेको देखिन्छ, जसले व्यापारलाई परम्परागत रूपबाट रूपान्तरण गरेको देखिन्छ।

शीतयुद्धले विश्वव्यापी व्यापारलाई विभाजित गरेको देखिन्छ तर व्यापार रणनीतिलाई प्रभाव पार्ने ब्लकहरू बिच आर्थिक प्रतिस्पर्धा पनि बढाइदिएको देखिन्छ।

व्यवसाय र व्यापारलाई आकार दिन प्रविधिले महत्त्वपूर्ण भूमिका खेलेको थियो। सन् १९५० र १९६० को दशकमा कन्टेनर ढुवानीको विकासले व्यापारमा क्रान्तिकारी परिवर्तन ल्यायो, परिणामस्वरूप अन्तर्राष्ट्रिय व्यापार कुशल र लागत-प्रभावी हुन पुग्यो। जुन विश्वव्यापी आपूर्तिको शृङ्खलामा वृद्धि भएको देखिन्छ। कम्प्युटर र इन्टरनेटको आगमनले विशेषगरी सन् १९९० को दशकदेखि व्यापार सञ्चालनलाई रूपान्तरण गर्‍यो। ई-कमर्स र डिजिटल व्यापारलाई सक्षम बनायो, कम्पनीहरूलाई परम्परागत अवरोधविना विश्वबजारमा पहुँच प्रदान गरेको देखिन्छ। यो डिजिटल युगले डेटा गोपनीयता र साइबर सुरक्षाजस्ता मुद्दाहरू उठाएको छ, अन्तर्राष्ट्रिय छलफलमार्फत सम्बोधन पनि गरिएको छ। विश्वव्यापी व्यापार अभ्यासलाई थप एकीकृत गरिएको छ। काउन्सिल अफ कन्भेन्सन अन साइबरक्राइम ९बुडापेस्ट सम्मेलन० पनि जारी गरिएको छ।

यसरी दोस्रो विश्वयुद्धपश्चात् नेपालले संरचना समायोजन नीति र परिष्कृत संरचना समायोजन सुविधामार्फत सन् १९८० र सन् १९८७ मा क्रमशः आर्थिक सहयोग प्राप्त गरेको देखिन्छ। संरचनात्मक समायोजन नीति र परिष्कृत संरचनात्मक समायोजन सुविधा आर्थिक संकटको सामना गरिरहेका देशहरूलाई सहयोग गर्न अन्तर्राष्ट्रिय मुद्रा कोष ९आईएमएफ० र विश्व बैंकद्वारा सुरु गरिएका आर्थिक सुधार कार्यक्रमहरू हुन्। सन् १९८० को दशकमा विश्वव्यापी रूपमा ल्याइएका संरचना समायोजन नीतिको उद्देश्य नीतिगत सुधारमा आधारित ऋणमार्फत वित्तीय असन्तुलन कम गर्नु, व्यापार उदारीकरण गर्नु र बजारचस्-सञ्चालित आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्नु थियो। सन् १९८७ मा सुरु गरिएको परिष्कृत संरचना समायोजन सुविधाले नेपालजस्ता कम आय भएका देशलाई गरिबी न्यूनीकरण र आर्थिक वृद्धिमा केन्द्रित गर्दै मध्यम-अवधि संरचनात्मक सुधारलाई समर्थन गर्न सहुलियतपूर्ण ऋण प्रदान गरेको थियो।

सन् १९७५ देखि १९८० सम्मको सुस्त आर्थिक वृद्धिले बढाएको गम्भीर भुक्तानी सन्तुलन समस्या र बजेट घाटाको बिचमा नेपालले सन् १९८० को दशकको मध्यतिर संरचना समायोजन नीति लागु गर्न थाल्यो, आईएमएफ समर्थित स्थिरीकरण कार्यक्रम सन् १९८५ मा सुरु भयो। त्यसपछि विश्व बैंकबाट संरचनात्मक समायोजन ऋण पहिलोपटक सन् १९८७ मा र दोस्रोपटक सन् १९८९ मा र सन् १९८८ मा संरचनात्मक समायोजन कार्यक्रम (एसएपी) आयो। सन् १९९२ मा, नेपालले आर्थिक स्थिरीकरण र संरचनात्मक सुधारलाई अगाडि बढाउन आईएमएफसँग तीन वर्षे परिस्कृत संरचना समायोजन सुविधा कार्यक्रम ९सन् १९९२र९३-१९९४र९५० मा प्रवेश गर्‍यो, जसले सन् १९९० राजनैतिक संक्रमण पछि व्यापक उदारीकरणतर्फ परिवर्तनलाई प्रतिविम्बित गर्‍यो। नेपालमा निम्न क्षेत्रमा आर्थिक प्रभाव परेको देखिन्छ।

व्यापार र निजी क्षेत्रको वृद्धि : संरचना समायोजन नीति र परिष्कृत संरचना समायोजन सुविधाले व्यापार उदारीकरणलाई सहज बनायो र नेपालको विश्व बजारमा उपस्थिति बढ्यो। सन् १९९० को दशकमा निर्यात, विशेष गरी कार्पेट र कपडाको निर्यात बढ्यो र निजी क्षेत्रले वित्त र उड्डयन जस्ता लाभदायक क्षेत्रमा व्यापार विस्तार गरे। यद्यपि, भारत र चीनसँग प्रतिस्पर्धा गर्नुपर्ने कारणले नेपालको ग्रामीण अर्थतन्त्रको लागि महत्वपूर्ण उत्पादन र कृषि पछाडि पर्‍यो।

वित्तीय र समष्टिगत आर्थिक प्रभाव : सन् १९९३ को एसियाली विकास बैंकको समष्टिगत आर्थिक मोडल प्रयोग गरेर गरिएको अध्ययनले संरचना समायोजन नीति अन्तर्गत वित्तीय गिरावट (जस्तै, राजस्व कमी) ले कम वृद्धि, उच्च मुद्रास्फीति र बाह्य असन्तुलनलाई स्थान दियो। परिष्कृत संरचना समायोजन सुविधाको कडा वित्तीय लक्ष्यले प्रायः सार्वजनिक खर्चलाई सीमित गर्दै पूर्वाधार विकासलाई सीमित गर्दै यसलाई सच्याउने लक्ष्य राखेका थियो।

कृषि : संरचना समायोजन नीति अन्तर्गत अनुदान हटाउने र निजीकरणले कृषकको उत्पादन किफायती योगदानमा पहुँच घटायो, जसले कृषि उत्पादनमा असर गर्‍यो। सन् १९९५ मा एसियाली विकास बैंकद्वारा समर्थित कृषि दृष्टिकोण योजना (एपीपी) ले वार्षिक ५ प्रतिशत कृषिजन्य उत्पादनमा वृद्धिको लक्ष्य राखेको थियो तर यी सुधार र नेपालको कठिन भूगोलका कारण निकै संघर्षपूर्ण हुन पुग्यो।

**केही सामाजिक प्रभाव**

गरिबी र असमानता : संरचना समायोजन नीतिले सुरुमा गरिबी बढायो। गरिबी निवारण कार्यक्रममार्फत गरिबी न्यूनीकरणमा परिष्कृत संरचनात्मक समायोजन सुविधाले सीमित सफलता प्राप्त भयो, किनकि नेपालमा ग्रामीण जनसंख्या ८० प्रतिशतभन्दा बढी थियो र मानिसहरूले स्वास्थ्य सेवा र खानाजस्ता आवश्यक वस्तुका लागि आम्दानीको धेरै हिस्सा खर्च गर्नुपरेको थियो। सन् २००० सम्म गरिबी उच्च रह्यो, यद्यपि केही सहस्राब्दी विकास लक्ष्यले पछि प्रगति देखाए।

स्वास्थ्य र शिक्षा : संरचनात्मक समायोजन नीति र परिष्कृत संरचनात्मक समायोजन सुविधा दुवैअन्तर्गत सरकारी खर्चमा कटौतीले विशेष गरी ग्रामीण क्षेत्रहरूमा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षामा पहुँच घटायो। विश्वव्यापी रूपमा गरिएका अध्ययनले संरचनात्मक समायोजन नीतिलाई मातृ र बाल स्वास्थ्यमा गिरावट ल्याउने कारक बनेको देखिन्छ।

श्रम र रोजगार : निजीकरण र सार्वजनिक क्षेत्रको कटौतीले राज्यका उद्योगमा रोजगारी गुम्यो, किनकि निजी क्षेत्रको वृद्धि असमान थियो। जसले सहरी क्षेत्रलाई समर्थन र सहरीकरणलाई प्रोत्साहन गर्‍यो। कृषिमा निर्भर ग्रामीण कामदार निकै कम लाभान्वित भए, जसले सहरी ग्रामीण असमानतालाई बढायो।

**राजनीतिक र संरचनात्मक चुनौती**

नीतिगत स्वामित्व : सीमित स्थानीय योगदानको साथ संरचना समायोजन नीति र परिष्कृत संरचना समायोजन सुविधा बाह्य रूपमा सञ्चालित थिए भन्ने आलोचकको भनाइ छ। सुधारमा नेपालको स्वामित्वलाई कमजोर पार्दै परिष्कृत संरचना समायोजन सुविधा अन्तर्गत संरचना समायोजन नीति र गरिबी निवारण नीति बिचको समानताले आईएमएफ र विश्व बैंकको निरन्तर प्रभावलाई पुष्टि गर्छ।

भूगोल र सन्दर्भ : नेपालको भूपरिवेष्ठित स्थिति, व्यापार मार्गको लागि भारतसँगको निर्भरता, र पहाडी भूभागले बढाएको उत्पादन र समायोजन लागत र व्यापारका लागि तर्जुमा गरिएका नीतिले यी अद्वितीय अवरोधलाई सम्बोधन गर्न सकेनन् र प्रभावकारिता घट्यो।

सन् १९९० को दशकको अन्त्यतिर नेपालले केही आर्थिक प्रगति हासिल गरेको थियो। भुक्तानी सन्तुलनमा सुधार र सामान्य कुल गार्हस्थ्य उत्पादनमा वृद्धि (१९९० को दशकमा औसत ४-५ प्रतिशत)। यद्यपि, लाभ असमान रूपमा वितरण गरियो र परिणाम स्वरूप सामाजिक अशान्ति बढ्यो, जसले आंशिक रूपमा माओवादी विद्रोह ९सन् १९९६-२००६० लाई बढावा दियो। सन् २००० पछि गरिबी न्यूनीकरण र वृद्धि सुविधामा परिवर्तनले संरचनात्मक समायोजन नीति र परिष्कृत संरचनात्मक समायोजन सुविधाको विश्वव्यापी आलोचनालाई प्रतिबिम्बित गर्‍यो। तैपनि नेपालको संरचनात्मक चुनौतीहरू यथावत रहे।

अन्त्यमा नेपालमा संरचना समायोजन नीति र परिष्कृत संरचना समायोजनले अर्थतन्त्रलाई आधुनिकीकरण गर्ने र विश्वव्यापी रूपमा एकीकृत गर्ने लक्ष्य राखेका थिए, तर मिश्रित परिणाम प्राप्त गरे। उनीहरू व्यापार र निजी क्षेत्रका गतिविधिलाई बढावा दिए पनि उक्त कार्यक्रमले गरिबीलाई गरिबीको दुश्चक्रमा फसाएको स्पष्ट छ। सामाजिक सेवा प्रवाहमा समस्या थपे र नेपालको अद्वितीय भूगोल र कृषि आधारका कारण कार्यान्वयनमा अवरोधको सामना पनि गरे। वर्तमान समयसम्म आइपुग्दा, यी प्रारम्भिक सुधारले नेपालको आर्थिक नीति बहसलाई प्रभाव पार्ने कार्य जारी राखेका छन्, जसले सामान्य समायोजन मोडलमा सन्दर्भ विशिष्ट दृष्टिकोणको आवश्यकतालाई प्रोत्साहन गर्दछ।

रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

# औषधि किन्दा वा फलोअपमा जाँदा चिकित्सकलाई के सोध्ने ?

**डा रमेश शर्मा पौडेल**

नेपालमा ज्येष्ठ नागरिकका स्वास्थ्यसँग के-के पक्षहरुले सरोकार राख्न सक्छ भन्ने केही पक्षलाई यहाँ प्रस्तुत गर्न खोजिएको छ ।

नेपालमा अहिले कुल जनसंख्याको १०.२१ प्रतिशत ज्येष्ठ नागरिक छन् । आगामी २५ वर्षमा नै यो संख्यामा दोब्बरले बढोत्तरी हुने अनुमान गरिएको छ । ज्येष्ठ नागरिकसँग सरोकार राख्ने धेरै प्रकारका जनस्वास्थ्यका समस्याहरु छन् । जसमा ज्येष्ठ नागरिकहरुमा एक भन्दा बढी रोगहरु हुन् । प्रत्येक ४ जनामध्ये एक जनामा एक भन्दा बढी रोग हुनु, औषधि खाइरहेकाहरु मध्ये एकदमै कम ज्येष्ठ नागरिकहरुलाई उच्च रक्तचाप तथा मधुमेहजस्ता रोग नियन्त्रण हुनुजस्ता समस्याहरु देखिने गरेको छ । त्यस्तै करिब ५० प्रतिशत ज्येष्ठ नागरिकलाई डिप्रेसन, एन्जाइटी जस्ता मानसिक स्वास्थ्य समस्या रहेको पाइएको छ ।

करिब १६ प्रतिशत ज्येष्ठ नागरिकहरुमा कुपोषणको समस्या तथा ६१ प्रतिशत कुपोषण हुने जोखिममा रहेको अनुसन्धानले पत्ता लगाएको छ । यसरी हेर्दा करिब २० -२२ प्रतिशत ज्येष्ठ नागरिकलाई उचित प्रकारको खानपानको व्यवस्था हुन सकेको छ ।

बिरामी हुँदा करिब ६० प्रतिशत ज्येष्ठ नागरिक मात्रै उपचारका लागि शुरुमै अस्पतालजाने गरेको पाइन्छ । त्यसमध्ये ४० प्रतिशतले भने आयुर्वेदिक वा अन्यसेवा लिएको पाइएको छ । अस्पताल गएर सेवा लिएकामध्ये ७० प्रतिशत ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा लिन समस्या भएको रिपोर्ट गरेका छन् ।

करिब ४० प्रतिशतज्येष्ठ नागरिकले कुनै न कुनै प्रकारको दुर्व्यवहारको सामना गर्नुपरेको छ । उनीहरुका स्याहारकर्ताले उचित स्याहार नदिएको तथा शाब्दिक रुपमा दुर्व्यवहार गरेको पाइएको छ । यस्तो अवस्थामा उनीहरुको जीवनशैलीलाई स्वस्थ मान्न सकिदैन ।

नेपालमा ५ प्रतिशत ज्येष्ठ नागरिकहरुले विभिन्न माध्यमबाट एकै व्यक्तिले स्वास्थ्य सेवा लिंदा औषधि डुप्लीकेसनको समस्या देखिएको छ । जस्तै एकै प्रकारको तर फरक फरक कम्पनीको औषधि प्रयोग गर्नु ।

करिब ५० प्रतिशत ज्येष्ठ नागरिकहरुले ५ भन्दा बढी प्रकारका औषधिहरु सेवन गरिरहेका छन् । करिब ५० प्रतिशत ज्येष्ठ नागरिकहरुले वृद्धावस्थामा उपयुक्त नमानिने औषधिहरु समेत प्रयोग गरिरहेका छन् । यसले गर्दा उनीहरुलाई फाइदा भन्दा बढी हानी गरिरहेको अवस्था छ । ४३ प्रतिशतले पछिको लागि भन्दै सिटामोल, पेन किलर जस्ता औषधिहरु किनेर घरमा राख्ने गरिएको पाइएको छ । त्यसले स्वास्थ्यमा नकारात्मक असर गरेको पाइएको छ ।

ज्वरो आएको बेला घरमा लगेर राखिएको सिटामोल र आइबुप्रोफेन प्रयोगको समिश्रण डेंगु हुँदा प्रयोग भएमा त्यसले नकारात्मक असर गर्छ । यसरी पछि चाहिन्छ भनेर घरमा औषधि भण्डारण हुँदा कतिपय ज्येष्ठ नागरिकले म्याद गैसकेको अवस्थामा पनि औषधिको प्रयोग गरिरहेको पाइन्छ, जुन स्वास्थ्यका दृष्टिकोणले फाइदाजनक होइन बरु घातक मानिन्छ ।

**बिरामीले औषधिको उचित र सुरक्षित प्रयोग गर्नका लागि परामर्श लिंदा फार्मसिष्ट र चिकित्सकलाई यी कुरा सोधौं**

१. औषधिको नाम र मात्रा
२. सेवन गर्ने विधि र समय अर्थात् दिनमा कतिपटक खाने, खाली पेटमा खाने कि, खानाअघि खाने कि, खाना सँगै खाने कि खानापछि खाने, राम्रोसँग भन्ने र बुझ्ने
३. औषधि कहिलेसम्म सेवन गर्ने सोको समय-अवधी
४. औषधि लिंदा - खान नहुने अरु औषधिहरू, खाद्य बस्तुहरु र पेयपदार्थहरु
५. औषधि लिंदा सो औसधिले देखाउने अपेक्षित साइड इफेक्ट
६. भूलवस औषधिको मात्रा छुटिहाल्यो भने - छुटेको मात्राको परिपूर्ति गर्ने तरिका
७. औषधि खोलेपछि कहिलेसम्म प्रयोग गर्न मिल्ने हो सोको समयावधि
८. औषधि कहाँ र कसरी राख्ने तरिका
९. औषधि उत्पादन भएको र म्याद सकिने मिति
१०. प्रयोग नभएको अथवा म्याद सकिएको औषधिको उचित व्यवस्थापन गर्ने तरिका
११. औषधि प्रयोग गर्दा अपनाउनुपर्ने अन्य सावधानीहरू

**फलोअपमा जाँदा फार्मसिष्ट र चिकित्सकलाई यी कुरा सोधौं**

- मैले प्रयोग गरिरहेको औषधिहरुको थप डोज खानु पर्छ कि पर्दैन ? पर्छ भने - मैले थप डोज किन खानुपर्ने हो ?
- की पुरानो औषधि छोडेर नयाँ नयाँ औषधि थप गरिएको हो ?
- किन पुरानो औषधि छोडेर नयाँ खानु पर्ने हो ?
-अब कुन कुन औषधि नियमितरुपमा कहिलेसम्म सेवन गर्नुपर्छ ?
-मेरो औषधि कसरी र कति समयसम्म खाने वा प्रयोग गर्ने ?
-प्रयोग गरेको औषधिले काम गरिरहेको छ वा छैन भन्ने मैले कसरी थाहा पाउने र यसका सम्भावित असरहरु के - के हुनसक्छन् ?
-अर्को पटक आउँदा मलाई कुनै थप परीक्षण चाहिन्छ ?
-अर्को पटक तपाईलाई भेट्न कहिले आउने ?

लेखक डा. शर्मा ज्येष्ठ नागरिकमा औषधिको उचित र सुरक्षित प्रयोग गर्न सकिने विषयमा अनुसन्धानमा सक्रिय छन् । (डा रमेश शर्मा पौडेल औषधि विज्ञ हुन् ।) स्वास्थ्य खबरबाट

## अशक्त २५ जनालाई ह्वील चेयर बितरण

**राजविराज**/महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रि नवलकिशोर साहले शारीरिक रुपमा अशक्त भई कष्टकर बिताउन बाध्य ७ देखी ७५ वर्ष उमेर समूह सम्मका २५ जनालाई ह्वील चेयर बितरण गरेका छन् ।

नेपाल सद्भावना पार्टीका संस्थापक स्व. गजेन्द्र नारायण सिंहको ९६ औं जन्मजयन्ति एवं रामनवमीको अवसर पारेर उनले अशक्त ती २५ जनालाई ह्वील चेयर बितरण गरेका हुन् ।

रोटरी क्लब अफ बर्दिबास र रोटरी क्लब अफ मेट्रो काठमाडौंको सहयोगमा लाखौं मुल्य बराबरको उक्त ह्वील चेयर बितरण गरिएको छ ।

जनता समाजवादी पार्टीका उपाध्यक्ष समेत रहेका मन्त्री साहले स्व. सिंह आफ्नो राजनीतिक जिवनमा प्रेरणाको श्रोत रहेकोले आफू आफ्नो क्षेत्रका बासिन्दाको समस्याप्रति समेत संवेदनशिल रहेको भन्दै दातृ संस्थाबाट सहयोग जुटाएर भए पनि सानो मद्दत गर्न पाएकोमा निकै खुशी लागेको बताए ।

नगरपालिका भित्र शारीरिक रुपमा पूर्ण रुपमा अशक्त भएकाहरुको पहिचान गरि पहिलो चरणमा मन्त्रि साहमार्फत २५ थान ह्वील चेयर बितरण गरिएको रोटरी क्लब अफ बर्दीवासका अध्यक्ष बिष्णुराज पुरीले बताए ।

उक्त अवसरमा रोटरी क्लब अफ बर्दीवासका प्रस्तावक अध्यक्ष सिताराम ढुंगेल, नोमिनी अध्यक्ष दिपककुमार कार्की, राष्ट्रिय अपाङ कोषका सदस्य चितरंजन यादव, हनुमाननगर कंकालिनी नगरपालिका उपमेयर सरिता सिपलिया यादव, पूर्वमेयर शैलेश साह, अपाङ कल्याण संघका अध्यक्ष बलदेव मण्डल, दलित सरोकार मञ्चका अध्यक्ष भोला पासवान, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार माझी लगायतको उपस्थिति रहेको थियो ।

## सिंचाईका लागि मास्टर मिटर जडान

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाले खेतीका लागि सिंचाईको प्रमुख समस्या भोगिरहेका किसानहरुको सहजताका लागि बिजुली सुविधा पुऱ्याउने व्यवस्था मिलाएको छ ।

नगर प्रमुख बिरेन्द्र माझीले नेपाल विद्युत प्राधिकरणसंगको सहकार्यमा सिंचाईका लागि छुट्टै ट्रान्सफर्मर र सो संगै मास्टर मिटर समेत जडान गरेर विना मिटर किसानको खेतमा बिजुली पुऱ्याएउने व्यवस्था मिलाएको जानकारी दिएका छन् ।

विगतमा आफ्ना पालिका क्षेत्रभित्रका किसानहरु खेतीपातीका लागि प्रयोग गर्ने कृषि मिटरको शुल्क तिर्दै आएको बताउँदै उनले किसानले व्यक्तिगत रुपमा लिदै आएको कृषि मिटर जडान गर्ने झंझटिलो प्रक्रियाबाट उन्मुक्ति समेत पाएको बताए ।

किसानलाई लक्षित गरि नगरपालिकाको २ करोड र विद्युत प्राधिकरणको २० प्रतिशत लागानीमा ५ वटा ट्रान्सफर्मर र सो संगै मास्टर मिटर पनि जडान गरिएको नगरप्रमुख माझीको भनाई छ ।

उनले भने, "कृषि मिटर लिन कम्तिमा किसानलाई ५ हजार सम्म खर्च गर्नु पर्थ्यो र त्यसमा पनि जग्गाधनी पुर्जा लगायतको कागज नभएका किसानले मिटर नै पाउँदैनथ्यो अव त्यो झंझटिलो प्रक्रियाबाट किसानले उन्मुक्ति पाएका छन्ॐर ।"

नगरक्षेत्र भित्र कृषि पेशामा लागेकाहरुलाई प्रोत्साहन तथा उनीहरुको लागत खर्चमा सहयोग गरि उत्पादनमा वृद्धि गर्ने उद्देश्यले ल्याइएको उक्त कार्यक्रम अन्तर्गत अहिलेसम्म ५ वटा ट्रान्सफर्मर जडान गरेर ८ वटा वडाका किसानलाई निशुल्क विद्युत उपलब्ध गराउन थालिएको र बाँकी ६ वटा वडाहरुमा पनि क्रमिक रुपमा मास्टर मिटर सहितको ट्रान्सफर्मर जडान गरिने पालिकाको नीति रहेको उनले बताए ।

## नेपाल साँस्कृतिक महासंघको जिल्ला अधिवशेन सम्पन्न

**राजविराज**/नेपाल साँस्कृतिक महासंघ सप्तरीको तेश्रो जिल्ला अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले बसन्त साह स्वर्णकारको अध्यक्षतमा १५ सदस्यीय नयाँ कार्य समिति चयन गरेको हो ।

अधिवेशनले केन्द्रिय महाधिवेशन प्रतिनिधिमा ८ तथा प्रदेश अधिवेशन प्रतिनिधिमा १२ जनाको सर्वसम्मतले चयन समेत गरेको छ ।

केन्द्रिय महाधिवेशन प्रतिनिधिमा रामनारायण साह, शैलेन्द्र विश्वकर्मा, सुनिता चौधरी, रन्जु साह, रामकुमार सिंह, महिनारायण मण्डल, विभा देव, नरसिंह चौधरीको चयन गरेको छ ।

यस्तै प्रदेश अधिवेशन प्रतिनिधिमा भगवती चौधरी, आनन्दी मण्डल, राजदेव मण्डल, सत्यदेव यादव, बिजय साह, भोला खंग, महिनारायण चौधरी, अनुकुमारी चौधरी, विशेश्वर प्रसाद साह, बिरेन्द्र विश्वकर्मा, रामकिसुन मण्डल र शर्मिला चौधरीको चयन गरिएको छ ।

उक्त अधिवेशनको प्रमुख अतिथि नेपाल साँस्कृतिक महासंघका केन्द्रिय सभापति तिर्थ बहादुर थापाले उद्घाटन गरेका थिए । उक्त अवसरमा नेपाल साँस्कृतिक महासंघका केन्द्रिय महामन्त्री, केन्द्रिय सदस्य शुसिल सेवा, विशिष्ट अतिथि नेपाली काँग्रेसका जिल्ला उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल, नेपाल किसान महासंघका केन्द्रिय सदस्य बिन्देश्वर प्रसाद साह, नेपाल मुस्लिम संघका महासचिव इर्साद अन्सारीका साथै उल्लेख्य संख्यामा स्थानीय कलाकारहरुको उपस्थिति रहेको थियो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# अधिवेशनको विषयलाई लिएर भएको कुटपिटमा दुई जना घाईते



**राजविराज**/जनता समाजवादी पार्टी (जसपा) नेपालको वडा अधिवेशनको विषयलाई लिएर उत्पन्न विवादका कारण कुटपिट हुँदा दुई युवा घाइते भएका छन्।

घाइते हुनेहरुमा विष्णुपुर गाउँपालिका वडा १ निवासी ३५ बर्षीय केदार प्रसाद यादव र ३२ बर्षीय देवेन्द्र यादव छन्। केदार समाजवादी युवा संघ सप्तरीका अध्यक्ष हुन् भने देवेन्द्र सोही वडाका समाजवादी युवा संघको अध्यक्ष हुन्। टाउको फुटेका दुवैजनाको अहिले गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचार भइरहको छ।

बिहीबार विहान डाकिएको पार्टीको वडा अधिवेशनले तेजनारायण यादवको अध्यक्षतामा ११ सदस्यीय वडा कमिटी निर्विरोध चयन गरेको थियो।

यस्तै पालिका प्रतिनिधिमा १४ र जिल्ला अधिवेशन प्रतिनिधिमा ५ जना पनि सर्वसम्मतले चयन गरिएको विष्णुपुर गाउँपालिकाका अध्यक्ष समेत रहेका जसपा नेपालका नेता उमेशप्रसाद यादवको भनाई छ।

उक्त अधिवेशन सकाएर फर्किने क्रममा बाटोमा भेटिएका केदार र देवेन्द्रले निर्धारित समय भन्दा पहिल्यै नै कमिटि गठन गर्दा आफूहरु छुटेको भन्दै विरोध गरेको गाउँपालिका अध्यक्ष यादवले बताए।

उनीहरुले सर्वसम्मत ढंगले अधिवेशनबाट चयन गरिएको कमिटी रद्द गरि अर्को अधिवेशन गराउन माग गर्दै निर्वाचन अधिकृत भोला यादव माथि हातपात गर्न थालेपछि प्रतिकारका क्रममा घाईते भएको त्यतीबेला घट्नास्थलमै रहेका विष्णुपुर गाउँपालिका अध्यक्ष यादवको भनाई छ।

निर्वाचन अधिकृत भोला यादवले अधिवेशन सकाएर फर्किंदै गर्दा बीच बाटोमा भेटेका ती दुईजना युवाले आफूमाथि हातपात गर्न थालेपछि उपस्थित पार्टीका कार्यकर्ताहरुले गरेको प्रतिकारका क्रममा घाइते भएको दावी गरेका छन्। घाइते युवाहरुले भने आफूहरुलाई गाउँपालिका अध्यक्ष एवं जसपा नेपालका नेता यादवकै निर्देशनमा कुटपिट भएको आरोप लगाएका छन्।

उनले आफूहरु माथि आक्रमण गर्नेहरु सबै गाउँपालिका अध्यक्ष यादवका नातेदार रहेको दावी समेत गरे। गाउँपालिका अध्यक्ष यादवले दुईपक्षबीच झडप हुँदा आफूले बचाउन पहल गरेको भन्दै कुटपीटमा आफूले कसैलाई कुनै निर्देशन नदिएको दावी गरेका छन्।

# मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु

**राजविराज**/सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिका ५ बकधुवास्थित भित्री सडक खण्डमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

मंगलबार छप्कीबाट महुलीतर्फ जादै गरेको प्र.२-०२-००२ नं. को मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका ७ मन्सापुर निवासी ५० वर्षिय हरेराम मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भिर घाईते भएका मण्डललाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि ल्याएपछी चिकित्सकले इसिजि गर्दा मृत भइसकेको जानकारी दिएको प्रहरीले जनाएको छ।

मृतक मण्डल मझौ समुदाय वनका कर्मचारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।


## भर्ना खुल्यो। भर्ना खुल्यो॥ भर्ना खुल्यो॥।

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
- CC Camera को निगरानीमा पठनपाठन गराइने।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

**प्रधानाध्यापक**

Wisdom School, Rajbiraj 2

**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**

**शम्भुनाथ नगरपालिका**

**नगर कार्यापालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश


## अन्तर्राष्ट्रिय समाचार

# चीनको नयाँ उपलब्धि : विश्वकै पहिलो मेडिकल उद्धार ड्रोन तयार

**बेइजिङ**/चीनले आपतकालीन अवस्थाहरूमा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन विश्वकै पहिलो अत्याधुनिक मेडिकल ड्रोन सफलतापूर्वक विकास गरेको छ। यस ड्रोनको विकास हैशेन मेडिकल टेक्नोलोजी कम्पनी लिमिटेडले चीन राज्य पोत निर्माण निगमको अन्तर्गतमा चिनियाँ विज्ञान अकादमी तथा अन्य साझेदार संस्थाहरूको सहकार्यमा गरेको हो।

यो विशेष ड्रोनमा रिमोट भिडियो निगरानीजस्ता अत्यावश्यक स्वास्थ्य सेवासम्बन्धी उपकरणहरू जडान गरिएका छन्।

कम्पनीका अध्यक्ष तथा प्रमुख इन्जिनियर श्री हुआङ युहङका अनुसार यो ड्रोन उच्च चिसो तापक्रम तथा पाँच हजार मिटरको उचाइसम्मका कठिन भूगोलमा समेत प्रभावकारी रूपमा खोज तथा उद्धार कार्य गर्न सक्षम छ।

यो ड्रोनको तौल ६०० किलोग्राम छ र यसले ३०० किलोग्रामसम्मको भार बोक्न सक्छ। यसमा स्वचालित उडान प्रणालीका साथै टाढाबाट नियन्त्रण गर्ने सुविधा पनि रहेको छ। यसले गर्दा बिपद् वा महामारीको बेला छिटो र प्रभावकारी रूपमा उद्धार कार्य सञ्चालन गर्न सकिनेछ।

हुआङले भन्नुभयो, "हामीले मेडिकल उपकरण, ड्रोन प्रविधि र कृत्रिम बुद्धिमत्ताको संयोजनमार्फत चीनको स्मार्ट आपतकालीन उद्धार क्षमतामा ठूलो सुधार ल्याएका छौं।" एजेन्सी

# सुडानमा विद्रोही अर्धसैनिक समूहको आक्रमणमा ३२ जनाको मृत्यु

**खार्तुम**/सुडानको उत्तर दारफुर राज्यको राजधानी एल फासरमा अर्धसैनिक समूह र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) ले गरेको आक्रमणमा कम्तीमा ३२ जना सर्वसाधारणको ज्यान गएको सेनाले जनाएको छ।

सेनाको छैटौं डिभिजनले जनाएअनुसार शुक्रबार उक्त समूहले आत्मघाती मानव रहित यन्त्र (ड्रोन) मार्फत आक्रमण गरेको थियो।

मृतकमध्ये चार जना महिला र १० जना बालबालिका रहेका छन् भने १७ जना घाइते भएका छन्। घाइतेहरूलाई उपचारका लागि स्वास्थ्य संस्थामा भर्ना गरिएको छ।

एल फासरको प्रतिरोध समितिको समन्वय समूहले पनि आक्रमणको पुष्टि गर्दै शहरको उत्तर र पूर्व भागमा मानव रहित यन्त्र र तोप प्रहार गरिएको जनाएको छ। साथै, नागरिकहरूलाई सडकमा ननिस्कन अनुरोध गरिएको छ।

सुडानी चिकित्सक सञ्जालले एल फासर नजिकै रहेको जमजम नामक विस्थापित शिविरमा आरएसएफले दोस्रोपटक आक्रमण गरेको जनाएको छ। हालसम्म उक्त शिविरमा जनधनको क्षतिको पुष्टि नभए पनि यसरी ठूलो क्षमताको हातहतियार प्रयोग गर्नु हिंसात्मक गतिविधि वृद्धि भएको भन्दै सञ्जालले निन्दा गरेको छ।

उत्तर दारफुर राज्यको स्वास्थ्य मन्त्रालयका महानिर्देशक इब्राहिम खातिरले जमजम शिविरमा आक्रमण भएको पुष्टि गर्नुभयो। तर उक्त स्थान शहरबाट टाढा रहेको र सञ्चार सम्पर्कमा समस्या भएकाले क्षतिको यकिन विवरण आउन बाँकी रहेको उहाँले बताउनुभयो।

सन् २०२४ मे १० देखि एल फासरमा सुडानी सेना र आरएसएफबीच तीव्र लडाइँ जारी छ। यो द्वन्द्व सन् २०२३ को अप्रिलदेखि सुडानमा फैलिएको गहिरो सङ्कटको हिस्सा हो।

संयुक्त राष्ट्रसङ्घद्वारा उद्धृत गरिएको एउटा अनुसन्धान संस्थाले दिएको जानकारी अनुसार सो द्वन्द्वमा हालसम्म २९ हजार ६ सयभन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ भने एक करोड ५० लाखभन्दा बढी व्यक्ति आफ्नै घरबाट विस्थापित भइसकेका छन्। एजेन्सी

# कङ्गोमा बालबालिकामाथि यौन हिंसा गम्भीर रूपमा बढ्दो : युनिसेफ

**संयुक्त राष्ट्रसङ्घ**/संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले पूर्वी डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) मा द्वन्द्वका कारण बालबालिकामाथि यौन हिंसाका घटनाहरू डरलाग्दो रूपमा बढिरहेको जनाएको छ।

सन् २०२५ को जनवरी र फेब्रुअरी महिनामा भएको तीव्र द्वन्द्वको समयमा, औसतमा हरेक ३० मिनेटमा एक बालबालिका यौन हिंसाको शिकार भएको रिपोर्ट गरिएको युनिसेफले जनाएको छ।

उक्त अवधिमा झण्डै १० हजार यौन हिंसासम्बन्धी घटनाहरू सङ्कलन गरिएका छन्, जसमा ३५ देखि ४५ प्रतिशत पीडितहरू बालबालिका रहेको युनिसेफका प्रवक्ता जेम्स एल्डरले जानकारी दिनुभयो।

एल्डरले भन्नुभयो,"हामी छुट्टाछुट्टै घटनाको कुरा गरिरहेका छैनौं। यो त गम्भीर मानवअधिकार सङ्कट हो। कतिपय पीडितहरू निकै साना बालबालिका हुन्। यौन हिंसालाई युद्धको हतियार र त्रास सिर्जना गर्ने माध्यमको रूपमा प्रयोग गरिएको देखिन्छ। यसले परिवार र समुदायमा गहिरो असर पारिरहेको छ।"

उहाँले अझै धेरै घटनाहरू डर, लाज वा असुरक्षाका कारण रिपोर्ट नभएको हुन सक्ने भन्दै अहिले उपलब्ध तथ्याङ्क 'बरफको शिर मात्र' हुनसक्ने चेतावनीसमेत दिनुभयो। युनिसेफले अन्तर्राष्ट्रिय समुदायलाई बालबालिकाको सुरक्षा र न्यायका लागि तत्काल तथा समन्वित प्रयास गर्न आग्रह गरेको छ। एल्डरले थप्नुभयो,"हामीलाई रोकथामका लागि थप प्रयास, पीडितमैत्री सेवा र उजुरी गर्न सकिने सुरक्षित तथा विश्वसनीय माध्यमहरू आवश्यक छन्। पीडितहरूले महसुस गर्नुपर्छ कि विश्व उनीहरूका पक्षमा उभिएको छ। साथै, अपराध गर्ने व्यक्तिहरूले कानुनी जिम्मेवारी वहन गर्नैपर्छ।" एजेन्सी

# लालपूर्जा बिहीन परिवार पुनः आन्दोलनमा जाने तयारीमा



**राजविराज**/राजविराजका ५ हजार भन्दा बढी विटौरी र ब्लक जग्गामा वसोवास गर्दै आएका परिवारले पुनः आन्दोलनमा जाने तयारी गरेका छन् ।

लालपुर्जा पाउने आशामा झण्डै ६५ वर्ष देखी संघर्षरत ती परिवाहरु गत फागुन १८ गते भएको सहमती कार्यान्वयमा ढिलाई भएको भन्दै आन्दोलनमा जाने तयारी गरिरहेका छन् ।

यस अघि प्रथम चरणको आन्दोलनका क्रममा स्थानीय प्रशासन, सुरक्षा निकाय र सरोकारवाला निकायका प्रमुखहरुको उपस्थितीमा भएको सहमति कार्यान्वयन नहुँदा नगरवासीको तर्फबाट गठित संर्घष समितीले दोश्रो चरणको आन्दोलन थाल्ने भएको छ ।

विहिवार राजविराज नगरवासी पीडित संर्घष समितीको तर्फबाट ३ दिने अल्टिमेटमसहित प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई जानकारीपत्र बुझाइएको छ ।

संघर्ष समिति एवं वार्ता समितिका संयोजक इरसाद अन्सारी, सदस्यद्वय दिपेन्द्र चौधरी, शम्भुलाल देव, राष्ट्रिय मुक्ती पार्टीका केन्द्रीय नेता केशव झा, गजेन्द्र मण्डल, संघर्ष समितिका प्रवक्ता अनिल देव, निर्माण व्यवसायी संघका पूर्व अध्यक्ष राम अषिस साह लगायतको एक टोली जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी दाहाललाई जानकारीपत्र बुझाएका छन ।

जानकारीपत्रमा फागुन १८ गते प्रमुख जिल्ला अधिकारी कै पहल र उपस्थितीमा नगरवासीको उक्त समस्या समाधान गर्ने उदेश्यका साथ संघर्ष समितिका पदाधीकारी, सरोकारवाला, कार्यालयका प्रतिनीधी तथा राजनिति दलका प्रतिनीधी समेत राखेर १५ दिनको समय सीमा तोकेर समाधान खोज्ने भनी भएको प्रतिबद्धता र सहमती अझ सम्म कार्यान्वयन हुन नसकेको उल्लेख छ ।

यस्तै उक्त पत्रमा ३ दिन भित्र पूर्व सहमती अनुसारको काम अघि नबढाइए चौथो दिन नगरको मुटुमा रहेको गजेन्द्र चौकमा नगरवासीको भेला तथा पत्रकार सम्मेलन मार्फत दोश्रो चरणको आन्दोलनका सशक्त कार्यक्रमहरु घोषणा गरिने उल्लेख छ ।

जानकारीपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले लालपूर्जा वितरणमा भइरहेको ढिलाइका कारणबारे आफुले सम्बन्धित कार्यालयमा बुझी आफ्नो स्तरबाट हुन सक्ने सबै सहयोग गर्ने प्रतिबद्धता समेत जनाए ।

उनले स्थानीय प्रशासन र सरोकारवाला कार्यालय संगै लालपूर्जाका लागी संघीय सरकार समक्ष समेत आफुले नगरवासीको पीडा पुऱ्याइ सक्दो सहयोग गर्ने आश्वासन दिए ।

बि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बाया रहेका ५ हजार २ सय परिवार वर्षौ देखी लालपूर्जा पाउन सकेका छैनन । यस्तै मालपोत कार्यालयबाट विगत ८ वर्ष देखी रोक्का प्रक्रिया तथा राजविराज नगरपालिकाबाट नक्शा पास लगायतका कार्य बन्द भएपछि स्थानीयवासी समस्यामा छन ।


## हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष एवं
**जन ज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ, सप्तरी**


### *पहाडी र मधेशीबीच...*

कर्णले आयोजना गरेको छलफल कार्यक्रमलाई सम्बोधन गर्दै कर्णले राजविराज साक्षरता दरमा धेरै अघि भएपनि अहिले हवात्तै पछि परेको बताए । उनले जनताको मतबाट निर्वाचित भएका जनप्रतिनिधी राजविराजको विकासका लागि कुनै चासो नदिएको बताए ।

संविधानसभा सदस्य तथा नेपाल विद्यार्थी संघका पूर्व अध्यक्ष रन्जित कर्णको संयोजनमा गरिएको उक्त विचार गोष्ठी कार्यक्रममा नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साहले राजविराज नगरको समस्या समाधान गर्न नेपाली काँग्रेस सदैव तत्पर रहेको बताए ।


## हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुधन प्रसाद गुप्ता**
अध्यक्ष एवं
**नेपाल सहकारी संस्था लि.**
**राजविराज, परिवार**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष एवं
**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**राजविराज, परिवार**

## पानीका स्रोतको संरक्षण गरौं ।

- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् । धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं । **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं ।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*